आज मिति २०८२ साल पुष महिनाको ५ गतेका दिन बिहान ११ बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ८३औं बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

<u>उपस्थिति:</u>

| क.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सी. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | अमृता |
| १७ | श्री शिवा देवी के.सी. | कार्यपालिका सदस्य | शिवा |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | बविता |
| १९ | श्री केशवराज भट्टराई | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रीत:

| क.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख | |
| २ | श्री ऋषिकेश भण्डारी | योजना तथा अनुगमन शाखा | |
| ३ | श्री चित्रा घर्ति मगर | का. नि. | |

CS CamScanner

नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: ८३
मितिः २०८२/०९/०५
समयः बिहान ११ बजे
स्थानः नगरपालिकाको सभाहल

प्रस्तावहरुः

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।
२. अभिलेखिकरण सम्बन्धमा।
३. शिक्षकलाई स्थानीय भत्ता माग सम्बन्धमा।
४. जग्गा एकीकृत आयोजना सम्बन्धमा।
५. मनोसामाजिक परामर्शकर्ता राख्ने सम्बन्धमा।
६. आखाँ शिविर सम्बन्धमा।
७. सामाजिक सुरक्षा निष्कृय लाभग्राही सम्वन्धमा।
८. योजनाहरुको सम्झौता सम्बन्धमा।
९. बुटवल पावर कम्पनी बील भुक्तानी सम्बन्धमा।
१०. कवाडी ठेक्का सम्बन्धमा।
११. हिउदे नगरसभा सम्बन्धमा।
१२. प्राथमिक स्वास्थ्य केन्द्र भिंग्री अनुदान सम्वन्धमा।
१३. सर्पदंश उपचारकेन्द्र अनुदान सम्वन्धमा।
१४. खेलकुद भवन तथा खेल मैदान मर्मत सम्वन्धमा।
१५. शिक्षक दरवन्दी मिलान सम्बन्धमा।
१६. स्व.न.पा ५, डाफेधारा शहरी स्वास्थ्य अधुरो भवन निर्माण सम्बन्धमा।
१७. स्वर्गद्वारी नगरपालिका वडा नं. ३ नेवारे स्वास्थ्य सेवा केन्द्र जग्गा सम्वन्धमा।
१८. स्वर्गद्वारी नगरपालिका वडा नं. ९ डाडाँगाउँ शहरी स्वास्थ्य केन्द्र जग्गा सम्वन्धमा।
१९. स्वर्गद्वारी नगरपालिका वडा नं. ६ बेलवासमा वडा कार्यालय र आधारभूत स्वास्थ्य केन्द्रको जग्गा खरिद सम्वन्धमा।
२०. व्याकहोलोडरको धरौटी रकम फिर्ता सम्वन्धमा।
२१. इन्डक्सन चुलो वितरणमा दोहोरो परेको रकम फिर्ता सम्बन्धमा।
२२. वडा नं. ४ अन्तर्गत सडक तथा नाला सरसफाई सम्बन्धमा।
२३. ई.मानस थापाको अध्ययन बिदाको पूर्व स्वीकृत सम्बन्धमा।
२४. चमेनागृहको भान्साकोठा मर्मत सम्बन्धमा।
२५. विभिन्न निवेदन सम्बन्धमा

निर्णयहरु:

निर्णय नं.(१) प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०८/०४ गते बसेको ८२औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्य प्रगतिका विषयमा छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनका क्रममा भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.(२) प्रस्ताव नं. २ माथि छलफल गर्दा घर नक्सा अभिलेखिकरण सम्बन्धमा अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

निर्णय नं.(३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत विभिन्न विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी/करार एवम् प्राविधिक धारमा कार्यरत प्रशिक्षक/सहायक प्रशिक्षकहरुको स्थानीय भत्ता तथा चालु आ.व.२०८२/०८३ को लागि शिक्षकहरुको तलबभत्तामा अपुग रकम शिक्षा विकास तथा समन्वय इकाइ मार्फत शिक्षा तथा मावन स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरमा माग गर्ने निर्णय गरियो।

निर्णय नं.(४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत नयाँ शहर आयोजना समन्वय कार्यालय बबरमहल, काठमाडौको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भिंग्री नयाँ शहर जग्गा एकीकरण कार्यको सम्भाव्यता अध्ययन गरी DPR तयार गर्ने कार्य अघि बढाउन उपयुक्त देखिएकोले सम्भाव्य स्थानहरुको सूची पठाउने निर्णय गरियो।

निर्णय नं.(५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा सुरक्षित आप्रवासन(सामी) नेपाल सरकार र स्वीस सरकार बीच द्विपक्षीय सम्झौता अनुसार बैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन(सामी) कार्यक्रम संचालनको लागि सामी कार्यक्रम चौथो चरण सञ्चालन मार्गदर्शन, २०८१ बमोजिम पाँचौ तह मनोसामाजिक परामर्शकर्ता पदमा करार सेवामा कर्मचारी भर्नाको लागि विज्ञापन गर्ने निर्णय गरियो।

निर्णय नं.(६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व.२०८२/०८३ मा एकीकृत घुम्ती शिविर शीर्षकमा विनियोजन भएको रकमबाट रु ३,००,०००/-(अक्षरुपी तीन लाख) रुपैया रकम खर्च गरी आँखा शिविर संचालन गर्ने निर्णय गरियो।

निर्णय नं.(७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा स्वर्गद्वारी नगरपालिकाका विभिन्न वडाहरु मध्येका सामाजिक सुरक्षा भत्ता लाभग्राहीको भत्ता वितरण गर्ने बैंकहरुले दिएको निष्कृय लाभग्राहीको विवरण, वडा कार्यालयको सिफारिस तथा महालेखा परीक्षक कार्यालयको अडिट रिपोर्ट अनुसार निष्कृय लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता रकम सम्बन्धित निकायमा फिर्ता पठाउने निर्णय गरियो।

निर्णय नं.(८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक वडास्तरीय योजना तथा कार्यक्रमहरुको मिति २०८२ पौष मसान्तसम्म ७० प्रतिशत सम्झौता गरी सक्ने र बाँकी ३० प्रतिशत सम्झौता माघ १५ गते भित्र सक्ने निर्णय गरियो।

CamScanner

निर्णय नं.(९) प्रस्ताव नं. ९ माथि छलफल गर्दा बुटवल पावर कम्पनी बील सम्बन्धमा यस अघिको कार्यपालिका बैठकमा भएको निर्णय कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.(१०) प्रस्ताव नं. १० माथि छलफल गर्दा कवाडी र खोटोको एकमुष्टमा ७ लाख रहेकोमा कवाडीको ठेक्का ५,००,०००/- र खोटोको ठेक्का २,००,०००/- गरी छुट्टाछुट्टै ठेक्का गर्ने निर्णय गरियो।

निर्णय नं.(११) प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस स्वर्गद्वारि नगरपालिकाको १८औं हिउदे नगरसभा मिति २०८२ पौष महिनाको २१ गते सोमबार दिउसो १ बजे यस स्वर्गद्वारी नगरपालिका वडा नं. ४ जिमुरपाटामा रहेको सूचना प्रविधियुक्त पार्कको सभाहलमा गर्ने निर्णय गरियो।

निर्णय नं.(१२) प्रस्ताव नं. १२ माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र भिंग्रीको दैनिक गुणस्तरीय सेवा प्रवाहका लागि आवश्यक जनशक्ति व्यवस्थापन, स्टेशनरी, विद्युत वायरिङ्ग मर्मत तथा महशुल भौतिक पूर्वाधार मर्मत तथा व्यवस्थापनको गर्न साथै उक्त स्वास्थ्य केन्द्रले खर्चको प्रतिवेदन नगरपालिकामा पेश गर्ने गरी एकमुष्टमा स्वास्थ्य तर्फको तलव, भत्ता, पोशाक समेत शीर्षकबाट रु १०,००,०००/-(अक्षरुपी दश लाख)अनुदान दिने र आगामी हिउदे(१८औं)नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं.(१३) प्रस्ताव नं. १३ माथि छलफल गर्दा स्वर्गद्वारी नगरपालिका वडा नं. ९ कच्छारमा रहेको सर्पदंश उपचार केन्द्रलाई जनशक्ति व्यवस्थापन, औषधि खरिद गर्नको लागि र खर्चको प्रतिवेदन नगरपालिकामा पेश गर्ने गरी एकमुष्टमा स्वास्थ्य तर्फको तलव, भत्ता, पोशाक समेत शीर्षकबाट रु ३,५०,०००/-(अक्षरुपी तीन लाख पचास हजार)अनुदान दिने र आगामी हिउदे(१८औं)नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं.(१४) प्रस्ताव नं. १४ माथि छलफल गर्दा खेलकुद भवन तथा खेलमैदान मर्मत शीर्षकमा विनियोजन भएको रकमबाट स्वर्गद्वारी नगरपालिका वडा नं. ४, दमारमा रहेको खेलकुद भवन मर्मत गर्ने निर्णय गरियो।

निर्णय नं.(१५) प्रस्ताव नं. १५ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकमा शिक्षक दरबन्दी मिलानको निर्णय बमोजिम गुरूकुलम आश्रममा सरूवा गरिएका शिक्षक श्री तुल्सीराम खनाललाई गुरुकुलम आश्रमबाट तलबभत्ता खाने गरी बालसँस्कृत मा.वि. स्व.न.पा-२, धरमपानीमा कामकाजमा खटाउने निर्णय गरियो।

निर्णय नं.(१६) प्रस्ताव नं. १६ माथि छलफल गर्दा डाँफेधारा शहरी स्वास्थ्य केन्द्रको भवन निर्माणको लागि गत आर्थिक वर्षमा लुम्बिनी प्रदेश सरकार सशर्त अनुदानमा विनियोजन भएको रकम कार्यान्वयन नभएकोले यस आर्थिक वर्षमा उक्त योजनालाई डाँफेधारा शहरी स्वास्थ्य केन्द्रको अधुरो भवन निर्माण शीर्षकमा बजेट विनियोजन भएकोमा उक्त शीर्षकलाई शंसोधन गरी शहरी स्वास्थ्य भवन निर्माण, स्वर्गद्वारी नगरपालिका-५, कायम गरी कार्यान्वयनमा लैजानको लागि लुम्बिनी प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो।

CamScanner

निर्णय नं.(१७) प्रस्ताव नं. १७ माथि छलफल गर्दा स्वर्गद्वारी नगरपालिका वडा नं. ३ मा शहरी स्वास्थ्य केन्द्र भवन नेबारे निर्माणको लागि स्वर्गद्वारी नगरपालिका वडा नं. ३ बस्ने कलि देवी अधिकारीको नाममा रहेको दर्ता श्रेस्ता कायम रहेको कित्ता नं. ३६१ को जग्गाबाट १ रोपनी जग्गा खरिद गर्ने निर्णय गरियो।

निर्णय नं.(१८) प्रस्ताव नं. १८ माथि छलफल गर्दा स्वर्गद्वारी नगरपालिका वडा नं. ९, डाडागाउँमा शहरी स्वास्थ्य केन्द्र पुनर्निर्माणको लागि स्वर्गद्वारी नगरपालिका वडा नं. ९ बस्ने हुकुम बहादुर पुन मगरको नाममा दर्ता श्रेस्ता कायम रहेको कित्ता नं. ५२५ को क्षेत्रफल ७८८.८६ व.मि. जग्गा खरिद गर्ने निर्णय गरियो।

निर्णय नं.(१९) प्रस्ताव नं. १९ माथि छलफल गर्दा स्वर्गद्वारी नगरपालिका वडा नं. ६ अन्तर्गत रहेको बेलबास आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माणको लागि यस स्वर्गद्वारी नगरपालिका वडा नं. ६ बस्ने पदमी कुमारी कालाथोकीको नाममा दर्ता श्रेस्ता कायम रहेको कित्ता नं. ४२९ को २३० वर्ग मिटर जग्गा र वडा नं. ६ को प्रशासकीय भवन निर्माणको लागि रिखीराम कालाथोकीको नाममा दर्ता श्रेस्ता कायम रहेको कित्ता नं. ८०२ को जग्गाबाट १६७ वर्ग मिटर जग्गा खरिद गर्ने निर्णय गरियो।

निर्णय नं.(२०) प्रस्ताव नं. २० माथि छलफल गर्दा आ.व. २०८०/०८१ मा ब्याकहोलोडर खरिद गर्दा मिति २०८०/०९/२२ गते भौचर नं. ३७ बाट MA Earthmover प्रा.लि.को धरौटी कट्टी रकम रु २,६९,२५०/-(अक्षरूपी दुई लाख उनान्नसत्तरी हजार दुई सय पचास) रूपैया फिर्ता पाँउ भनि निबेदकको माग बमोजिम फिर्ता गर्ने निर्णय गरियो।

निर्णय नं.(२१) प्रस्ताव नं. २१ माथि छलफल गर्दा वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्र, काठमाडौं र नगरपालिका बीच भएको सम्झौता बमोजिम सहुलियतमा इन्डक्सन चुलो वितरण कार्यक्रम संचालन गर्दा लाभग्राहीले उक्त कम्पनीको खातामा रकम जम्मा गर्नुपर्नेमा भुलवस यस नगरपालिकाको विविध खातामा रकम जम्मा गरेकाले उक्त रकम प्रमाणको आधारमा फिर्ता गर्ने निर्णय गरियो।

निर्णय नं.(२२) प्रस्ताव नं. २२ माथि छलफल गर्दा स्वर्गद्वारी नगरपालिका वडा नं. ४ अन्तर्गत मूख्य सडक, सहायक सडक तथा सडक नाली सरसफाईको लागि मर्मत शीर्षकमा रहेको रकमबाट प्राविधिक लागत अनुमान अनुसार मुल्याङ्कन गरी रू ६०,०००/-अक्षरुपी साठी हजारबाट सरसफाई गर्ने निर्णय गरियो।

निर्णय नं.(२३) प्रस्ताव नं. २३ माथि छलफल गर्दा भौतिक पूर्वाधार शाखामा कार्यरत इन्जिनियर श्री मानस थापाको स्नातकोत्तर अध्ययनको लागि अध्ययन बिदाको लागि सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं.(२४) प्रस्ताव नं. २४ माथि छलफल गर्दा यस कार्यालयको चमेनागृहको भान्साकोठामा टायल लगाउने तथा छानोमा प्लाइउड र शिलिङ लगाउनको लागि प्राविधिक लागत अनुमान अनुसार सार्वजनिक सम्पतीको मर्मत सम्भार शीर्षकमा विनियोजन भएको रकम मध्ये रु ५५,०००/-(अक्षरुपी पचपन्न हजार) बाट अमानत मार्फत गर्ने निर्णय गरियो।

स्वर्गद्वारी नगरपालिका
२०७४

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं.(२५) प्रस्ताव नं. २५ माथि छलफल गर्दा यस कार्यालयमा प्राप्त तपसिलका निवेदकहरुको हकमा तपसिल बमोजिमको निर्णय गरियो।

तपसिलः

| क स | निवेदकको नामथर | ठेगाना | विषय | निर्णय | कैफियत |
|---|---|---|---|---|---|
| १ | क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल(बीर बहादुर पुन) | जिल्ला समिति प्यूठान | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट रु १५ हजार दिने | |
| २ | नेपाल कम्युनिष्ट पार्टी (विप्लव सी) | केन्दीय कार्यसमिति | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट रु १५ हजार दिने | |

अन्त्यमा आजको ८३औं कार्यपालिका वैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ उपदफा (२) को खण्ड (ज) बमोजिम नगर कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।

.............................

(केशवराज भट्टराई)

प्रमुख प्रशासकीय अधिकृत